bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com



## बन्दीपुरको पर्यटन लक्षित नीति : 'सभ्य समाजको गाउँ, बन्दीपुर घुम्न जाउँ'

### कृषि र पशुपालनलाई व्यवसायिक बनाउन पकेट क्षेत्र पहिचान गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

पर्यटकीय नगरी बन्दीपुरमा पर्यटकलाई आकर्षित गर्न तथा पर्यटन लक्षित गतिविधि सञ्चालनका लागि गाउँपालिकाले 'सभ्य समाजको गाउँ, बन्दीपुर घुम्न जाउँ' अभियान चलाउने भएको छ । आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा गाउँपालिकाले पर्यटनलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रम अगाडि बढाउने भएको छ । पहाडकी रानी नामले परिचित बन्दीपुरको पर्यटनलाई विश्वसनीय, भरपर्दो र आकर्षक बनाउन विभिन्न प्रवर्द्धनका कार्यहरु प्राथमिकताका साथ अगाडि बढाउने नीति तथा कार्यक्रम ल्याएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए ।

'बन्दीपुर आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यस्थलका रुपमा विकास भइरहेको र यसको थप प्रचार-प्रसार गरी धेरैभन्दा धेरै पर्यटक भित्र्याउने योजना बनाइएको छ', उनले भने, 'आगामी आर्थिक वर्षमा बन्दीपुर घुम्न जाउँ भन्ने अभियानलाई सफल बनाउन प्रचार-प्रसारमा जोड दिन्छौँ ।'

बन्दीपुरलाई पर्यटकीय केन्द्र बनाइने र त्यसका लागि पूर्वाधार निर्माणमा जोड दिइने अध्यक्ष थापाले बताए । उनले भने, 'बन्दीपुर गाउँपालिकाका छ वटै वडामा रहेका पर्यटकीय गन्तव्यलाई विकास गरिने नीति लिइएको छ।' 'देशका मुख्य सहर काठमाडौं, पोखरा, बुटवल र विराटनगरमा बन्दीपुर घुम्न जाउँ अभियान सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ', उनले भने, 'पर्यटकीयस्थलको संवर्द्धन र प्रवर्द्धन गरी गाउँपालिकालाई पर्यटनका माध्यमबाट समृद्ध बनाउने सोच राखिएको छ ।'




गाउँपालिकाभित्र रहेका होमस्टेको विकास, पर्यटकीय लक्षित उत्पादनलाई प्राथमिकतामा राखिएको छ । गाउँपालिकाभित्र जीप फ्लायर र रक क्लाइम्बिङको सम्भाव्यता अध्ययन गरिने कार्यक्रम बनाइएको अध्यक्ष थापाले बताए। पर्यटकीय नगरी बन्दीपुर भित्रिने पर्यटकको लगत राख्न पर्यटन सूचना केन्द्र स्थापना गरिने छ भने होमस्टेको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरी होमस्टे सर्किटको विकास गर्ने नीति लिइएको अध्यक्ष थापाले बताए ।

गाउँपालिकाले आगामी माघ महिनामा सिद्धगुफा महोत्सव आयोजना गरी सिद्धगुफाको प्रचार-प्रसार गर्ने लक्ष्य राखेको छ । बन्दीपुर बजारलाई थप आकर्षक बनाइने र यसलाई पौराणिक सहरका रुपमा विकास गरिने लक्ष्य राखिएको छ ।

अध्यक्ष थापाले भने, 'बन्दीपुरका मुख्य बजार क्षेत्र संरक्षित क्षेत्र घोषणा भएको र यहाँ घर निर्माण गर्दा मौलिकता झल्किने खालको हुनुपर्ने नीतिलाई निरन्तरता दिइएको छ ।' उनले भने, 'सहासिक, धार्मिक र एग्रो टुरिजमसमेत सम्भावना भएकाले सोका लागि कार्यक्रम बनाउने र समग्र बन्दीपुरको जनजीवन, भाषा, कला, संस्कृति, भेषभूषा, चाडपर्व, रहनसहन र रीतिरिवाज झल्कने

बाँकी तेश्रो पेजमा

## तनहुँमा ६ महिनाको अवधिमा ५३ मानवअधिकार उल्लंघनका घटना

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँमा पछिल्लो ६ महिनामा ५३ वटा मानवअधिकार उल्लंघन तथा ज्यादतिका घटना भएका छन्। उक्त घटनामा ५१ महिला र ९ पुरुष सहित ६० जना पीडित भएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले मंगलबार दमौलीमा आयोजना गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक-२०२४



को लागि संकलित घटनाहरूको अर्धवार्षिक समीक्षा तथा जिल्लाको मानव अधिकारको अवस्थाको बारेमा अन्तरक्रिया कार्यक्रममा इन्सेक तनहुँले उक्त विवरण सार्वजनिक गरेको हो ।

इन्सेकका अनुसार यस अवधिमा तनहुँमा घरेलु हिंसाका २९, बलात्कार र बलात्कार प्रयासका १४, यौनदुर्व्यहवारको २, हत्याको ६, कुटपिटको २, गिरफ्तारको १ र मानव बेचविखनको १ वटा मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटना भएका थिए । साथै उपनिर्वाचनको क्रममा ७ वटा निर्वाचन आचार संहिता विपरितको घटना भएको इन्सेकको प्रतिवेदनमा उल्लेख छ।

यस्तै, कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले मानव अधिकारको घटना राज्यसँग सम्बन्धित हुने भएकोले राज्य पक्ष यस विषयमा अलि बढि संवेदनशिल बन्नुपर्ने बताए।

मानवअधिकारको लामो विषय रहेको भन्दै प्रजिअ रिजालले नेपालमा भएका हरेक राजनीतिक आन्दोलनले मानवअधिकारको थप उपलब्धीको रक्षा गरेको बताए । उनले भने, 'सबैले इमानदारीका साथ आफ्नो जिम्मेबारी पुरा गरेमा मानवअधिकार हननका घटनामा कमी आउने र सेवाग्राहीको धेरै भिडभाड हुने कार्यालयलाई सेवाग्राही मैत्री बनाउन आफुले निर्देशन दिएको

बाँकी तेश्रो पेजमा

## पहाडी पानीको खेर जाने नियति : जोगाउने पो कसरी ?

### पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनबाट जोगिन्छ स्वच्छ पानी

**♦ राजेश घिमिरे**

'ठूला मान्छेले तल कार्यक्रम दिया पनि आफैँजस्तो ठूलै मान्छेलाई दिए। हामी महिलाको पनि अधिकार छ। हामीमा पनि गर्ने क्षमता छ। हामी महिलालाई पनि यस्तो यस्तो आएको छ मेडम यस्तो गर्न सक्नु हुन्छ की नाइँ भनेर कसैले सोधेनन्।'

सुदूरपश्चिम अछामको एउटा लेकको धनादेवी धामी स्थानीय भाषामा 'विकास बाँड्न आएका सरहरुलाई महिला हकका बारेमा बताउँदै हुनुहुन्थ्यो। आफ्नो किराना दोकान, होटल अनि खाजाघर सबैको काम गर्ने पसल अगाडि बसेर कुरा गरिरहनु भएको धनादेवीको सुदूरपश्चिमी लवजलाई बिस्तारै विकासे लवजले जितिसकेको बुझिन्थ्यो। मिल्लेक गाउँपालिकाको ऋषि दहको वडा कार्यालयको ठ्याक्कै तलको धनादेवीको जस्ताले छाएको दोकान छ। तल गहुँ बाली लहराइरहेको छ।

यो मनसुन भन्दा केही अगाडिको कुरा हो। आकाशमा बादल थिएनन्। घाम पनि उल्कै थियो तर लेकको चिसो हावाले गर्मी हुन दिएको थिएन। त्यस्तोमा भीडभाड भएको दोकानमा श्रीमान् भान्छामा ग्राहकका लागि चाउचाउ पकाइरहेका थिए। गहुँ फलेका बारीहरुका बीच धनादेवीको मुहारमा खानलाउन र छोराछोरी पढाउन पुगेको आत्मविश्वास झल्किन्थ्यो। तर अचानक उज्यालो आकाश अँध्यारो भयो। काला बादल देखिए। गड्याङगुडुङ आवाज आयो। अनि असिना पर्न थाल्यो। ठूल्ठूला असिना। होटलको जस्ताको छानो नै छेड्ने असिना। धनाको मुहारबाट आत्मविश्वास हट्यो। अनुहारमा काला बादल नै देखिए। मलिन स्वरमा धनाले भन्नुभयो, 'कुबेलामा असिना आयो। असिनाले गहुँ भारिदियो। अब हामी भोकै। मकै लगाएम्। बयला (हावाहुरी) ले झारी दियो। तब नि हामी भोकै। हाम्रो लेकको ठाम। अब बजारकै चामल खान पर्छ ।'



नेपाल जल सम्पदाका हिसाबले विश्वमै धनी देश मध्ये एक हो भनेर सानामा हामीलाई खुब पढाइयो । तर त्यससँगै विश्व बैंक तथा एसियाली विकास बैंकलगायतका संस्थाहरुका अनुसार विपद् जोखिमका हिसाबले २०औं स्थानमा रहेको कुरा कसैले भनेन । त्यसमाथि बाढी र पहिरोजस्ता पानीजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट नेपाल ३०औं स्थानमा छ भन्ने कुरामा जानकारी नै दिइएन। त्यसमाथि जलवायु परिवर्तनको जोखिमका हिसाबले विश्वमै चौथो नम्बरमा आउँछ नेपाल । जोखिम अनुसार त्यसबाट बच्ने शिक्षा पनि अब अत्यावश्यक छ।

यस्तै प्राकृतिक विपदको सिकार भएपछि नेपालका धेरै धनादेवी धामीहरुको जीवन एक छिनमा कायाकल्प हुन्छ। एउटा खानलाउन र जोगाउन पुग्ने परिवार एक निमेषमा गरिब हुन्छ । यहाँ धनादेवीको उदाहरण किन दिइएको हो भने विपदका कुरा गर्दा सामान्य त भारी वर्षा र मेघ-गर्जन/चट्याङ्का कारणले हुने बाढी, पहिरो, डुबान, भूक्षय तथा गेग्रान बहावका जोखिम वा क्षतिका कुरा बढी हुन्छ। तर सामान्य भै लाग्ने असिनाले पनि धनादेवीलगायतका कतिपयको जीवन बरबाद हुन्छ भन्ने उदाहरण दिन खोजिएको हो।

त्यसमाथि वर्षामा पहाडमा परेको पानीको नियति नै मधेशतिर बगेर जाने भएको छ। पहाडमा अडिने ठाउँ नभएर वर्षाको पानीले पहाड क्षेत्रका जमिनमुनिको पानी भण्डारलाई रिचार्ज गर्न नै भ्याउदैन। जलवायु परिवर्तनका कारण अहिले नै एकै पटक धेरै पानी पर्ने प्रवृत्ति देखिएको वैज्ञानिकहरूले बताउन थालिसकेका छन्। सल्यानको कुमाख गाउँपालिकाको २ नम्बर वडाका अध्यक्ष ईश्वरी शाही भन्नुहुन्छ, 'पहाडका भिरालो जमिनमा हामी खेती गर्छौं। पानी परेपछि माथिबाट आएको

बाँकी तेश्रो पेजमा

# सम्पादकीय .........

www.bhanjyangnews.com

## व्यासको कृषि नीति

स्थानीय सरकारले आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका छन् । तनहुँका १० वटै पालिकाले आ–आफ्नो प्राथमिकताका क्षेत्रलाई लक्षित गरी बजेट पनि विनियोजन गरेका छन् भने नीति तथा कार्यक्रम पनि त्यहि हिसाबले बनाएका छन् । जिल्लाको पुरानो र जेठो नगरपालिका व्यासले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर नीति, कार्यक्रम तथा बजेट ल्याएको छ । नगरपालिकाको ३९औं नगरसभाबाट कृषि क्षेत्रको विकास र व्यवसायीकरणलाई प्राथमिकता दिने गरी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्योग, व्यवस्थित बसोबास र भूमि व्यवस्थापन, वन, वातावरण तथा विपद् व्यवस्थापन, युवा, खेलकुद, पूर्वाधार निर्माण, सूचना र सञ्चार, न्याय तथा मध्यस्थता, महिला क्षमता विकास, जनजाति सहयोग, दलित उत्थान, अपाङ्गता सहयोग, ज्येष्ठ नागरिक सम्मान, सुरक्षित वैदेशिक रोजगार व्यवस्थापन, सुशासन र दक्ष जनशक्ति लगायतका क्षेत्रलाई समेट्ने गरी २३२ बुँदे नीति तथा कार्यक्रम ल्याइएको छ । नगरपालिकाले निर्माण गरेको एकीकृत शहरी विकास योजना र आवधिक योजना समेतले अग्रणी क्षेत्रमा प्राथमिकीकरण गरेको कृषि क्षेत्रको विकास एवं व्यवसायीकरणका लागि नगरपालिकाले विशेष कार्यक्रम ल्याउने जनाएको छ । नगरपालिका क्षेत्रभित्र रहेका निजी तथा सार्वजनिक खाली जमिनको उत्पादनशील उर्जालाई खेर जान नदिन र कृषि योग्य भूमिको पूर्ण उपयोग गरी कृषि उत्पादनलाई बढवा गर्दै लैजाने निती लिइएको छ । जैविक खेती प्रणालीमा जोड दिई तत्काल आवश्यक पर्ने रासायनिक मल, गड्यौला मल, प्राङ्गारिक मल तथा उन्नत बिउको आपूर्ति एवं वितरण र सिंचाई क्षेत्रको विकास एवं विस्तार गरिने भएको छ । कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रीकीकरण र विशिष्टीकरण गर्दै स्थानीय स्तरको उत्पादन बृद्धिमा जोड दिने भएको छ ।

कृषि क्षेत्रको उत्पादनलाई बजारीकरण गर्न बजार क्षेत्र बाहेकका वडामा न्यूनतम एक संकलन केन्द्र र दमौली बजार क्षेत्रमा किसानहरूको उत्पादनको बिक्रीका लागि "किसान बजार"को व्यवस्था गर्ने, कृषि उपज बिक्री वितरणका लागि दमौलीमा परम्परागत रूपमा सञ्चालन हुने गरेका बुधवारे हाट बजार र माघे संक्रान्तिमा लाग्ने मेलालाई सञ्चालनमा ल्याइने छ । वडाका व्यवसायिक केन्द्रहरूमा वडा समितिको समन्वयमा पशु, कृषि हाट बजारको व्यवस्था मिलाइने छ । साथै उत्कृष्ट व्यवसायी किसानहरूलाई पुरस्कृत गर्ने नगरपालिकाको कार्यक्रम छ । स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न, फलफूल, तरकारी वालीहरू, पशुपंक्षी पालन तथा मत्स्य पालनको पञ्जीकरण, अनुसन्धान, प्रवर्द्धन र बजारीकरणमा सहयोग पुऱ्याइने निती बनाएको नगरपालिकाले आवश्यक सडक, विद्युत, सिंचाई, संकलन एवं बिक्री केन्द्र जस्ता आधारभूत पूर्वाधारको विकास गर्ने भएको छ । प्रदेश सरकारसँगको सहकार्यमा जग्गा चक्लाबन्दी कार्य अघि बढाइने, मकै, धान, कोदो पकेट क्षेत्र एकिन गरी विशेष कार्यक्रम ल्याइने, कृषि व्यवसायमा आवद्ध व्यवसायिक कृषकहरूलाई बिउ बिजन उपलब्ध गराउने र पशुपंक्षी पालन व्यवसायमा रहेका कृषकहरूलाई उपलब्ध गराउँदै आएको अनुदान जस्ता जनमुखी कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिने निती नगरपालिकाले ल्याएको छ। नगरपालिकाले साना किसानहरूको सामुहिक खेती गर्ने अभ्यासलाई प्रोत्साहन गरिने भएको छ । नगरपालिकाको भू–धरातल, जलवायू र जैविक विविधताको अधिकत्तम उपयोग हुने गरी भू–उपयोग नीति एवं कार्यक्रम ल्याउने, सार्वजनिक वन क्षेत्र, सडक किनारा, नदी उकास र उपभोगहिन सार्वजनिक सरकारी जमिनमा फलफूल र अन्य विरूवा रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने, निजी बाँझो जग्गा, खेतवारी, कान्ला, आलीमा दलहन, तरकारी, फलफूल र अन्य विरूवा लगाउन साथै शहरी क्षेत्रमा वैकल्पिक खेती प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने निती तथा कार्यक्रम बनाएको नगरपालिकाले यी कार्यक्रम व्यवहारिक रूपमा कार्यान्वयनमा कत्तिको ध्यान दिन्छ ? कृषकले यसको अनुभूति गर्न पाउँछन वा पाउँदैनन् ? त्यो भने भोलिका दिनमा पक्कै पनि समिक्षा हुनेछन् ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई
Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६३१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार | - ५७०२४० |

# चुरे संरक्षणको खाँचो

डा. विजयकुमार सिंह

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७१ असार २ को निर्णयनुसार चुरे क्षेत्र भूभौगर्भिक रूपमा कमजोर, धेरै पानी पर्ने र जलाधारको महत्वपूर्ण क्षेत्र, भूकम्पीय कारणबाट अति जोखिमयुक्त, जैविक विविधतामा धनी रहेको, दुर्लभ वन्यजन्तुहरूको वासस्थान, जैविक मार्गका रूपमा चुरे क्षेत्रलाई लिने गरिन्छ । नेपालको कूल भूभागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगटेको तत्कालीन ३६ जिल्लाका (हाल नवलपरासी जिल्लालाई दुई भागमा बाँडेपछि ३७ जिल्ला) मा ५० लाख माानिसको बसोबास रहेको छ । चुरे क्षेत्र, यसको जलाधार क्षेत्र र नदी प्रणालीलाई संवेदनशील एवं जोखिमपूर्ण भौगोलिक क्षेत्र घोषणा गर्दै वातावरण ऐन २०५३ को दफा १० को उपदफा (१) बमोजिम वातावरण क्षेत्र घोषणा गरिएको छ ।

पूर्व–पश्चिम लोकमार्ग, मदन भण्डारी लोकमार्ग र उतर–दक्षिण पहुँच मार्गहरु बनेदेखि खोरिया फँडानी गरी चुरेमा बसोबास गर्ने क्रम पनि बढ्दो छ। चुरे क्षेत्रमा लालपुर्जा नभएको र खेतीपाती गरी जग्गा उपभोग गर्नेको गाउँ बस्ती तथा घरधुरीको सूची लामो रहेको विभिन्न अध्ययनहरूले देखाएको छ । चुरेको वन जङ्गल मासेर खेतीपाती गर्ने, खुल्ला चरिचरन गर्ने गराउने, काठ र दाउराको व्यापक कटानी, वन डढेलो, बालुवा तथा गिट्टी उत्खनन आदि कामले गर्दा चुरेको पारिस्थितिकीय प्रणालीमा व्यापक क्षति पुगेको छ । वर्षाको समयमा चुरे क्षेत्रबाट गिट्टी, बालुवा बाढीले बगाएर तराईको उब्जाउ जग्गामा थुपारेर भूमि मरूभूमिका रूपमा परिणत हुँदैछ। चुरेबाट बग्ने नदीका बाढीले नदी किनारको जग्गा कटान गरेर नदीको चौडाइ पनि बढ्दो छ । तराईको तल्लो भागमा बाढीले डुबानको समस्या ल्याएको छ ।

कपिलवस्तुमा रहेको देशकै सबैभन्दा ठूलो दुई सय २५ हेक्टरमा फैलिएको मानव निर्मित अन्तर्राष्ट्रिय रामसार सन्धिमा समावेश भएको जगदीशपुर तालको पानीको स्रोत वाणगङ्गा नदीको चुरे क्षेत्रमा फैलिएको जलाधार क्षेत्र नै हो। यस्तै अन्तर्राष्ट्रिय रामसार सन्धिमा समावेश भएको चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने तीन हजार २०० हेक्टरको बीस हजारी ताल र कैलालीको दुई हजार ५६३ हेक्टरमा फैलिएको घोडाघोडी ताल त झन चुरे क्षेत्रमा नै अवस्थित छ । दाङको घोराहीमा रहेको ५.५ विघा (३.७ हेक्टर) मा फैलिएको जखिरा ताल, मोरङको लेटाङमा रहेको १५ हेक्टरमा फैलिएको राजारानी तालको पानीको स्रोत पनि चुरे नै हो। चितवनका १७ वटा तालहरु, दाङको जखिरालगायत नौवटा ताल, कञ्चनपुरको वेदकोट ताल र झिमिला ताल, सुर्खेतको जजुरा ताल, सिरहा बाबाताललगायत चुरे क्षेत्रमा करिब ३५ भन्दा बढी ठूला तालतलैयाको पानीको स्रोत चुरे पहाड हो।

यी तालतलैयाहरु सिँचाइ, खानेपानीका स्रोत, जलचर तथा विभिन्न जीवजन्तु र पशुपक्षीको बासस्थान पनि हुन् । यसबाहेक भावर र तराईमा रहेका सर्लाहीको नारही मैन ताल, बाराको हलखोरिया दह, बाँकेको खस्रे ताल, बर्दियाको तारा ताल, धनुषाको जंगल दह, कैलालीको पुरैना र जोखर ताललगायत एक सय २० भन्दा बढी तालको पानीको स्रोत चुरे पहाड नै हो । यी ताल तलैयाहरु स्वदेशी र पाहुना चराहरूको महत्वपूर्ण वासस्थान हुनाका साथै लाखौं हेक्टर जमिन सिञ्चित भएको छ। यी तालहरूले भावर र तराईको जमिनमुनिको पानी रिचार्ज गर्न पनि महत्वपूर्ण भूमिका खेलेको छ । एकपटक माटो, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरेपछि त्यसले पारिस्थितिकीय प्रणालीमा दीर्घकालीन असर गर्दछ ।

नेपालका चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेका बाघ, गैंडा, हात्ती, गोहीलगायत अन्य वन्यजन्तुको खानेपानीको स्रोत खोल्साखोल्सीहरु तथा प्राकृतिक वा मानव निर्मित तालतलैयाहरूको पानीको स्रोत भनेकै चुरे हो । चितवन राष्ट्रिय निकुञ्जभित्र तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने विसहजारी ताल, देवी ताल, नन्दन ताललगायत १० वटा ताल, पर्सा राष्ट्रिय निकुञ्जभित्र मानव निर्मित रमौल प्रतापपुर ताल, बर्दिया राष्ट्रिय निकुञ्जभित्र पनि १९ वटा सानाठूला तालको पानी चुरे क्षेत्रबाट नै आउँछ । चुरेभित्र पर्ने बाँके राष्ट्रिय निकुञ्जभित्र १५ वटा खोल्साखोल्सी र मानव निर्मित आठवटा तालतलैयाको स्रोत पनि चुरे क्षेत्र नै हो । चुरे क्षेत्र नेपालको जैविक विविधताको धनी क्षेत्र हो । बाघ, गैंडा, हात्तीलगायत महत्वपूर्ण वन्यजन्तुको बासस्थान यसै चुरे र भावर क्षेत्रमा पर्दछन् ।

यसबाहेक चुरे क्षेत्रमा वा चुरेसँग जोडिएका एक सय ३६ वटा पालिकामा बसोबास गर्ने मानिसको पानीको एकमात्र स्रोत चुरे पहाड मात्र हो । हेटौंडाको माछा केन्द्रमा रहेको माछापोखरीहरूको पानीको स्रोत चुरे नै हो । हेटौंडा उपमहानगरपालिकाको ठाडो खोलामा ५० भन्दा पनि साना पोखरी निर्माण गरी व्यावसायिक रूपमा माछा उत्पादन गरी त्यहाँ महिला समूहले उदाहरणीय कार्य गरेका छन् । सिँचाइ आयोजनाहरु धनुषा र सिरहामा कमला, चितवनको खगेरी, मकवानपुर र चितवनमा पूर्वी राप्ती सिँचाइ, रौतहटमा लालवकिया सिँचाइ, बर्दियाको रिहु खोला सिँचाइ, बाँकेमा झिगरिया नाला सिँचाइ लगायतका थुप्रै साना र मध्यम खालका आयोजनाहरूको पानीको जलाधार क्षेत्र चुरे नै हो ।

**चुरे पहाड चुरे तथा तराईमा बसोबास गर्ने नेपालको जनसंख्याको ६१ प्रतिशत जनताको लागि जीवन रेखा हो । नेपालको झापादेखि कञ्चनपुरसम्म चुरे तथा तराई क्षेत्रमा बसोबास गर्ने जनताको खानेपानी र सिाचाइका लागि पानीको एकमात्र स्रोत र जलाधार क्षेत्र चुरे पहाड हो ।**

चुरे क्षेत्रमा रहेका गाईघाट, सिन्धुली वाजार, हेटौंडा, चितवनको पर्सा, दाङ, देउखुरी, लम्ही, सुर्खेतजस्ता मुख्य सहर तथा अन्य साना ठूला शहरका वासिन्दाको खानेपानीका मुख्य स्रोत चुरे पहाड नै हो । चुरे पहाडको घाँच अर्थात् भावर क्षेत्रमा पूर्व(पश्चिम राजमार्गमा पर्ने काँकडभिट्टा, दमक, बिर्तामोड, उर्लावारी, झुम्का, धरान, इटहरी, कल्यानपुर, मिरचैया, लहान, गोलबजार, ढल्केबजार, बर्दिवास, लालबन्दी, हरिऔन, चन्द्रपुर, निजगढ, पथलैया, अमलेखगञ्ज, गैंडाकोट, कावासोती, दुम्कीवास, सुनवल, वुटवल, कोहलपुर, अत्तरियाजस्ता सहरमा पानीको आपूर्ति चुरे पहाडबाट नै हुने गर्दछ ।

चुरे पहाड चुरे तथा तराईमा बसोबास गर्ने नेपालको जनसङ्ख्याको ६१ प्रतिशत जनताको लागि जीवन रेखा हो । नेपालको झापादेखि कञ्चनपुरसम्म चुरे तथा तराई क्षेत्रमा बसोबास गर्ने जनताको खानेपानी र सिँचाइका लागि पानीको एकमात्र स्रोत र जलाधार क्षेत्र चुरे पहाड हो । चुरेको कमलो खुकुलो भूबनावटले वर्षायाममा वन जंगलको रूखबिरूवाको सहायताले यसले आफ्नो गर्भमा वर्षाको पानी सोसेर यसले जमिनमुनिको पानी रिचार्ज गर्दछ । कतिपयले चुरे पहाड ढुंगा, गिट्टी, माटोले बनेको तथा वन जंगलले ढाकेको निर्जीव क्षेत्र लाग्दछ तर चुरे र तराईमा बासोबास गर्ने बासिन्दाका लागि चुरे आमा हो । यस वर्षको वैशाख र जेठमा ४२ डिग्री तापक्रम हुँदा जनकपुर, जलेश्वरलगायत चुरे, भावर र तराईमा चापाकलको पानी सुकेको समाचार विभिन्न मिडियाहरूमा सम्प्रेषण भएका छन् ।

हाल सञ्चालनमा रहेको क्रसर व्यवसायीको जथाभावी गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन गरिरहेका छन् । अहिले पालिकाहरूले ढुंगा, गिट्टी, बालुवा निकाल्नलाई ठेक्का त दिन्छन् तर अनुगमन गर्दैनन् । ठेकेदार र क्रसर उद्योगीहरूले मापदण्डको पालना नगरी जथाभावी उत्खनन गर्दा वातावरणीय समस्या उत्पन्न भएको छ। केही पैसाको लोभमा गिट्टी, ढुंगा, बालुवा देशबाहिर निकासी दिने हो भने निकै जटिल अवस्था आउने निश्चित छ। चुरे, मध्यपहाड र हिमालबाट निस्कने खोलाहरु तराईमा आउँदा पैसाको लोभमा बालुवा, गिट्टीको अव्यवस्थित व्यापक दोहन गर्ने गरिएको छ । खोलामा ३० फिटभन्दा पनि गहिरो खाडल खनेर बालुवा, गिट्टीको उत्खनन गरिएको छ। यसले हजारौं वर्षदेखि बगिरहेको जमिनमुनिको पानीको बहावलाई खल्बल्याइदिएको छ । यसबाट भावर र तराई क्षेत्रमा इनार र चापाकलमा खानेपानीको समस्या ल्याएको छ ।

केही क्रसर उद्योगी र व्यापारीको मात्र हित हुने गरी ६१ प्रतिशत जनताको अहित हुने यति महत्वपूर्ण पानीको जलाधार क्षेत्र चुरेलाई दोहन हुने गरी गिट्टी ढुङ्गा, बालुवा देशबाहिर निकासी गर्न पटकपटक प्रयासहरु भइरहेका छन् । आव २०७८/८९ को बजेट वक्तव्यमार्फत तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले पनि गिट्टी ढुङ्गा, बालुवा देशबाहिर निकासी गर्न ल्याउनुभएको प्रस्तावलाई वर्तमान सत्ता साझेदार दलका नेताहरूले नै गिट्टी ढुङ्गा, बालुवा देशबाहिर निकासी गर्नु घर डढाएर खरानी बेच्नुसरह हुने भन्दै विरोध जनाउनु भएको थियो । आज उहाँहरूकै नेतृत्वको सरकारले आव २०८०/८१ सालको नीति कार्यक्रमको बुँदा नं ४२ र बजेट वक्तव्यको बुँदा नं १५७ मा उल्लेख गरिएको छ । यसमा सर्वोच्च अदालतले गिट्टी, ढुङ्गा, बालुवा निकासी अन्तरपुस्ताको सम्पत्ति भएकाले संसद्बाट ऐन बनाएर मात्र निकासी गर्ने भन्ने आदेश छ । भूटान र अस्ट्रेलियाले गिट्टी ढुङ्गा निकासी गरेको तर्क नेपालको सन्दर्भमा मेल खाँदैन । पाकिस्तानका इन्दुस नदीदेखि भारतको व्रह्मपुत्र नदीसम्मको शिवालिक भनिने पहाडमा ढुङ्गा उत्खनन त के पात त टिप्नसमेत दिइँदैन ।

चुरेबाट बगेर आएको ढुङ्गा, गिट्टी, बालुवालाई हामीले आफ्नो देशको विकास निर्माणको काममा लगाउन सकिन्छ । वातावरणीय ऐन नियम, मापदण्डको पालना गरेर ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा पालिकाहरूका लागि यो आम्दानीको स्रोत पनि हो । यहाँको ढुङ्गा, गिट्टी, बालुवा बाहिर निकासी गर्नुको विकल्पका रूपमा चुरे क्षेत्रमा सघन रूपमा बाँस, अम्रिसो, बेल, हर्रो, बर्रो, अमला, तेजपात तथा अन्य जडीबुटीको, व्यावसायिक खेती, वन्यजन्तु तथा चराचुरूङ्गीको पालन गरी स्थानीयवासीलाई रोजगार सिर्जना गर्न सकिन्छ । चुरे क्षेत्रमा वर्षाको पानी जम्मा गरी प्रशस्त तालतलैया बनाई माछापालन, सिँचाइ, पर्यापर्यटनको माध्यमबाट आम्दानीको स्रोत बढाउन सकिने सम्भावना छ । चुरे संरक्षण ऐन बनाएर चुरे संरक्षणको संस्थागत व्यवस्था गर्नु अहिलेको मुख्य आवश्यकता हो । रासस

*(लेखक चुरे विज्ञ हुनहुन्छ)*

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
सफलताले हिम्मत दिलाउनेछ । प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
आम्दानीले उत्साह जगाउनेछ। श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल हातलागी हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
मेहिनेत परे पनि प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । चुनौतीहरु स्वत: हट्नेछनि ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
धेरै बोल्दा समस्या आउन सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
हल्लाको पछि लाग्दा दु:ख पाइनेछ। तर समस्या दर्साउँदा शुभचिन्तकले साथ दिनेछन् ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। काममा मिहिनेतको फल प्राप्त हुनेछ। व्यापारमा मनग्गे धनलाभ हुनेछ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ ।

# पहाडी पानीको खेर जाने नियति : .......

पानीले मल माटो सबै बगाएर तल खोल्सातिर पुऱ्याइदिन्छ ।"

मनसुनमा एक डेढ साता जस्तो बेस्सरी पानी पर्ने अनि बाँकी समय सुख्खा हुन थालेको छ। जलवायु परिवर्तनको कारण बढ्दो तापक्रम, अति वृष्टि, खण्ड वृष्टि, तथा लामो समय सम्म खडेरी पर्नाले भइरहेका पानीका मूलहरु सुक्दै गएका छन्। प्रकृतिको अमूल्य वरदान पानी विना हामी प्राणी र वनस्पतिको जीवन सम्भव छैन। तर स्वच्छ पिउने पानीका लागि संघर्ष गर्न हामी बाध्य भइरहेका छौं ।

पहाडमा ठाउँ ठाउँमा पोखरी बनाएर पानी संरक्षण गर्ने परम्परागत ज्ञानलाई हामीले छोड्दै गयौं। कतिपय त्यस्ता संरचना बाटोघाटोलगायतका विकासका काम गर्दा नासिए। पानीको मूल, कुवा, इनार, पोखरी तथा आहालको संरक्षणमा ध्यान पुगेन। फलस्वरूप वर्षाको पानी जमिनले पानी सोस्न नपाई छिटै बगेर जानाले जमिन मुनीका जल भण्डारमा पुनर्भरण हुन सकेन । परिणामत पानीका को मूलहरु सुक्दै गएका छन्। त्यसमाथि यसरी बगेर जाने पानीले जमिनमा क्षति पनि पुऱ्याएको छ।

कतिपय स्रोतमा पानी उपलब्ध भए तापनि प्रदुषणका कारण पिउन अयोग्य भएको छ । यी सबै कारणले स्वच्छ पिउने पानीको अभाव बढ्दै गएको छ । स्वच्छ पानीको अभावले सबैको जीवन समस्यामा पर्छ तर यसको सबैभन्दा बढी असर सीमान्तकृत, विपन्न र विशेषगरी महिलामा परिरहेको छ।

भर्खर १८ वर्षकी हुनु भएको सल्यानको बनगाड कुपिन्डे नगरपालिका वडा एकको सरिता बुढा उहाँकै शब्दमा भन्दा "भावी पुस्ता" का लागि वनजंगल हराभरा बनाउनका लागि सीम कबुलियत बनमा सक्रिय हुनुहुन्छ । एउटा उजाड भीरलाई उहाँको समूहले हरियो बनाइसकेको छ। खासमा नगरपालिकामा बस्ने भएपनि आमसँगै आतेजाते एक घण्टा लगाएर पानी बोक्न पर्ने बाध्यता सरिताको छ। जमिन हरियो भए घर नजिक पानी आउने आशा सरितालाई छ।

पारिस्थितिकीय प्रणाली र माटो, पानी, वन, कृषि भूमि लगायतका सम्पदाहरूको हैसियतमा सुधार गर्न सकेमा जलवायु परिवर्तनको जोखिम तथा त्यसबाट सिर्जना भएको स्वच्छ पानीको अभावलाई कम गर्न सकिन्छ भन्ने तथ्य स्थापित छ। त्यससँगै जलवायु परिवर्तनले समुदायमा परेको असर कम गर्न प्राकृतिक श्रोत र साधनमा आधारित अनुकुलन कार्यक्रम अत्यन्त प्रभावकारी तथा किफायती उपाय भएको विश्वव्यापी रूपमा स्थापित मान्यतालाई नेपालमा पनि मनन गरिएको थियो ।

यसक्रममा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम तथा वन तथा वातावरण मन्त्रालयले सन् २०१९ देखि मध्य पहाडी क्षेत्रका सल्यान र अछाम तथा उच्चपहाडी क्षेत्रको दोलखा जिल्लामा छोटकरीमा "इबिए टु" भनिने इकोसिस्टम बेस्ड एडप्टेशन अर्थात पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन अन्तरगत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यो कार्यक्रमका लागि ग्लोवल इन्भाइरनमेन्ट फ्यासिलिटीद्वारा सञ्चालित एलडिसी कोषबाट वित्तीय सहयोग प्राप्त भएको छ।

यस अन्तरगत, गह्रा सुधार, भइरहेका पोखरी संरक्षण, पुनर्भरण अर्थात् रिचार्ज पोखरी निर्माण, खोला किनार संरक्षण तथा फिल्टरिङ ड्याम निर्माण, चरन क्षेत्र व्यवस्थापन र विस्तार र समुदायको जीविकोपार्जन सुधार क्रियाकलाप जस्ता पाँच किसिमका काम गरिन्छ।

पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन परियोजना (इबिए-२) को भनाइमा गह्रा सुधार अन्तर्गत जलवायु परिवर्तनका कारण हिउँदमा सुक्खापन बढ्ने र वर्षा याममा घनघोर वर्षाको कारण बढि क्षति हुने र कृषि उत्पादन कम हुने समस्याको समाधानको लागि भिरालो जमिनलाई सम्म बनाई खेती गर्न योग्य बनाइन्छ । छेउतर्फ ढुङ्गाको पर्खाल लगाई भूक्षय न्यूनीकरण तथा माटोको चिस्यान कायम राखी कृषि उत्पादकत्व बढाउन गरा सुदृढीकरण गरिन्छ । यसबाट जमिनको स्थिरता बढाउन भिरालो जमिनमा संरचनात्मक साथै वनस्पति प्रविधि प्रयोग गरिन्छ ।

इबिए-२ का अनुसार पोखरी संरक्षणमा चाहिँ बढ्दो खडेरी तथा पानीको अभाव कम गर्न प्राथमिकता प्राप्त जलाधार क्षेत्रमा प्राकृतिक रूपमा रहेका महत्वपूर्ण, उपयोगी, ऐतिहासिक र लोपोन्मुख पानीका श्रोत तथा पोखरीको पहिचान गरी संरक्षण गर्न सकिन्छ। यसका लागि पुनःभरण पोखरी निर्माण पनि गरिन्छ ।

खोला किनार संरक्षण तथा फिल्टरिङ ड्याम निर्माणसम्बन्धी क्रियाकलापमा जलवायु परिवर्तनका कारण हुने घनघोर वर्षाको कारण हुने क्षतिलाई कम गर्न खोला किनार संरक्षण गर्दै पानीको वहाव नियन्त्रण र भू-क्षय कम गर्नका लागि झाडी, नरकट, बाँस निगालोलगायतका वनस्पति तथा ढुङ्गामुढालगायतका प्राकृतिक वस्तुको प्रयोग गरी खोला किनार संरक्षण तथा फिल्टरिङ ड्याम निर्माण गरिन्छ । चरण क्षेत्र व्यवस्थापन र विस्तारमा घाँसे मैदान तथा झाडीदार क्षेत्रमा स्थानीय प्रजातिलाई प्राथमिकता दिई घाँस रोपन गरी चरण क्षेत्र सुधार र विस्तार गरिन्छ।

सल्यान जिल्लाका वन अधिकृत जितेन्द्र रावतका अनुसार, समुदायको जीविकोपार्जन सुधार क्रियाकलापमा पारिस्थितिकीय प्रणालीको संरक्षण र व्यवस्थापन सँगसँगै स्थानीय स्रोतमा आश्रित समुदायको आम्दानी बढाउन सके मात्र समुदायको अनुकुलन क्षमता बढ्छ र जलवायुजन्य प्रकोपको सामना गर्न उनीहरु सक्षम हुन्छन्। यसका लागि समुदायका विपन्न र जलवायु परिवर्तकका कारण जोखिममा परेका समुहलाई प्रत्यक्ष आम्दानी हुने खालका क्रियाकलापहरु सञ्चालन गर्न समुदायसँग गहन छलफल गरिन्छ र उनीहरुको चाहना, स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा जीविकोपार्जन सुधार योजना बनाई जीविकोपार्जनका काम सञ्चालन गरिन्छ। यसमा टिमुर, अम्रिसो, अदुवा, बेसार, तरकारी खेती तथा मौरीपालन जस्ता क्रियाकलापहरु सञ्चालन गरिन्छ ।

स्वच्छ पानी संरक्षणका लागि यो कार्यक्रमले स्थानीय पालिका तथा स्थानीय जनताको प्रत्यक्ष संलग्न गराउने रणनीतिले यसलाई दिगोपन तिर डोऱ्याएको छ। कार्यक्रमको छनौटदेखि कार्यान्वयनको तहसम्ममा स्थानीय पालिका तथा वडाका जनप्रतिनिधिहरूको प्रत्यक्ष संलग्नता हुन्छ।

अछाम साँफेबगर नगरपालिका वडा नम्बर १३ बाब्लाको डाँडोको सिरानतिर एक वर्ष अगाडि एउटा पोखरी खनियो। धेरैले यो पोखरीले काम गर्छ भन्ने पत्याएका थिएनन्। तर अहिले त्यही पोखरीले जमिनमुनिको पानी रिचार्ज गरेकाले बाब्लाको डाँडोको मध्यतिरको बस्तीका पुराना धाराहरूमा पानी आउन थालेको छ। बाब्लाकी पार्वती नेपालीको भनाइमा पानीको दुःख भएको ठाउँमा फेरि पानी आउन थालेपछि महिलाहरूको काम केही घटेको छ ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# आन्तरिक र बाढीपहिरोका कारण १० आयोजनाको बिजुली प्रणाली बाहिर

रासस/काठमाडौं

पूर्वी नेपालमा आएको बाढीपहिरोका कारण नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा एक सय ६४ मेगावाट बराबरको बिजुली आपूर्ति अवरूद्ध भएको छ । निजी क्षेत्रको ऊर्जा उत्पादकको संगठन स्वतन्त्र ऊर्जा उत्पादनको संस्था नेपाल (इपान)ले बाढीपहिरोका कारण कूल चार सय ६३ मेगावाट क्षमताका ३० आयोजनामा रु आठ अर्ब ५० करोड बराबरको प्रारम्भिक क्षति भएको जानकारी दिएको छ। हाल प्राधिकरणको प्रणालीमा विभिन्न १० आयोजनाको बिजुली उपलब्ध हुनसकेको छैन । त्यसबाट प्राधिकरणलाई बिजुली व्यवस्थापनमा समेत समस्या हुने गरेको छ ।

प्राधिकरणका अनुसार काबेली करिडोरका काबेली 'बी' एक २५ मेगावाट, काबेली 'बी' एक क्यासकेड नौ दशमलव ९४ मेगावाट, इवा खोला नौ दशमलव नौ मेगावाट, हेवा खोला १४ दशमलव नौ मेगावाट र तल्लो हेवा २२ मेगावाट बराबरको बिजुली प्रणालीमा आउन सकेको छैन । ती आयोजनाको कूल क्षमता ८१ दशमलव ७४ मेगावाट छ ।

त्यस्तै, एउटा युनिटमा समस्या आएका कारण सात दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो खोरूङगा खोला आयोजनाबाट तीन दशमलव ७५ मेगावाट मात्रै बिजुली प्रणालीमा जोडिएको छ। 'सिङ्क्रोनाइजिङ ब्रेकर'मा समस्या आएका कारण सोलु दूधकोशी जलविद्युत् आयोजनाले पनि पूर्णक्षमतामा बिजुली उत्पादन गर्न सकेको छैन ।

सो आयोजनाको कूल क्षमता ८६ मेगावाट भए पनि हाल २८ दशमलव छ मेगावाट मात्रै प्रणालीमा उपलब्ध रहेको प्राधिकरणको भार प्रेषण केन्द्रले जनाएको छ । दोर्दी करिडोरको सुपर दोर्दीले पनि कूल क्षमताको पचास प्रतिशत मात्रै बिजुली उत्पादन गरेको छ। सो आयोजनाको कूल क्षमता ५४ मेगावाट भए पनि हाल मात्रै २७ मेगावाट मात्रै बिजुली उत्पादन गरिरहेको छ । दोर्दी आयोजनाले १८ मेगावाट मात्रै बिजुली प्रणाली पठाइरहेको छ । सो आयोजनाको क्षमता २७ मेगावाट हो । पाँच मेगावाट क्षमताको घलेम्दीको 'पेनस्टक पाइप'मा समस्या आएकाले हाल प्रणाली बाहिर छ । प्राधिकरणका प्रवक्ता शुरेबहादुर भट्टराईले पूर्वी नेपालका परियोजना बन्द हुँदा त्यसको व्यवस्थापनका लागि माथिल्लो तामाकोशी र सोलु करिडोरका अन्य आयोजनाको बिजुली पूर्वी नेपालतर्फ पठाइएको जानकारी दिनुभयो ।

बाढीपहिरोका कारण आयोजना पूर्णरूपमा बन्द हुँदा त्यसको व्यवस्थापनका लागि प्राधिकरणलाई केही समस्या भए पनि वर्षाका कारण अन्य आयोजनामा उलेख्य मात्रामा बिजुली उत्पादन भएकाले समस्या नभएको उहाँको दाबी छ। विद्युत् खरिद सम्झौताअनुसार नै केही आयोजनालाई कम भारमा आयोजना चलाउन भनिएको प्रवक्ता भट्टराईको भनाइ छ । "निजी उद्यमीले भने जस्तो होइन, केही आयोजनालाई विद्युत् खरिद सम्झौता अनुसार नै भनिएको हो", प्रवक्ता भट्टराईले भन्नुभयो, "आवश्यक पर्दा पूर्ण क्षमतामा नै चलाउन भनिएको छ। यो बारेमा पनि उहाँहरूले भनिदिनुपर्छ ।"

इपानका अध्यक्ष गणेश कार्कीले प्राधिकरणका कारण ३० जलविद्युत् आयोजनाको पाँच सय मेगावाट बराबरको विद्युत् खेर गएको आरोप लगाउनुभयो । प्रवर्द्धकहरुले आधा क्षमतामा आयोजना चलाएर बैंकको ब्याजसमेत तिर्न नसक्ने अवस्था आएको उनीहरूको भनाइ छ ।

हाल देशभित्रको कूल माग एक हजार आठ सय ८१ मेगावाट छ । यस्तै वर्षालगायतका कारणले चार सय मेगावाट घण्टा ऊर्जा भने उपलब्ध हुनसकेको छैन । हाल निजी उद्यमीका आयोजनाबाट २२ हजार सात सय ५० मेगावाट घण्टा बराबरको बिजुली उपलब्ध छ ।

# बन्दीपुरको पर्यटन .......

संग्रहालय निर्माणकार्यको प्रारम्भ गरिने छ ।'

उज्ज्यालो बन्दीपुर कार्यक्रमलाई बजार क्षेत्रलगायत पर्यटकीय गाउँमा थप विस्तार गर्ने, पर्यटकीय क्षेत्र र गाउँका बाटा र गल्लीमा ढुङ्गा छपनीकार्यलाई थप विस्तार गर्ने कार्यक्रम अगाडि ल्याइएको छ । बन्दीपुर गाउँपालिका भित्र रहेका पर्यटकीयस्थलमा थप क्युआर कोडमार्फत प्रवर्द्धन प्रभावकारी बनाउने नीति अवलम्बन गरिएको अध्यक्ष थापाले बताए ।

यस्तै, मुकुन्देश्वरी पदमार्गको निर्माणलाई निरन्तरताका साथ थप विस्तार गर्दै हाफ म्याराथन र साइक्लिङजस्ता पर्यटन प्रवर्द्धन लक्षित कार्यक्रम सञ्चालन गर्ने, बन्दीपुरको छिम्केश्वरी माईको दर्शनका लागि विशेष कार्ययोजना बनाई प्याकेजका रूपमा अगाडि बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिने भएको छ ।

गाउँपालिकाले जनप्रतिनिधिका छोराछोरी सामुदायिक विद्यालयमा अनिवार्य पढाउनुपर्ने नीति कार्यान्वयन गर्ने भएको छ । त्यस्तै, 'स्वास्थ्य बीमाः बन्दीपुरको जिम्मा' भन्ने नारासहित अतिगरिब विपन्न जनतालाई निःशुल्क स्वास्थ्य बीमा गर्ने भएको छ ।

गाउँपालिकाले कृषि, पशुपालन लगायतका क्षेत्रलाई पनि पर्यटनसंग जोड्दै लग्ने नीति बनाएको छ । फलफूल, तरकारी, धान, कोदो, मकै लगायतका कृषि उपजको उत्पादन वृद्धिका लागि पकेट क्षेत्रका रूपमा विकास गर्ने र उत्पादनमा आधारित अनुदानका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने नीति गाउँपालिकाले लिएको छ ।

# तनहुँमा ६ महिनाको ..........

छ ।'

विद्यालयमा हुने यौनजन्य दुर्व्यवहारको घटनामा कमी ल्याउनका लागि स्थानीय तह मार्फत सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रजिअ रिजालले बताए । उनले भने, 'अहिले सडक निर्माणको क्रममा अत्याधिक धुलो र हिलोले उपभोक्ताको स्वास्थ्यमा गम्भिर असर परेको हुँदा ति विषयलाई पनि उपभोक्ताको अधिकारको रूपमा हेरिनु पर्दछ ।'

सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख अवदेश विष्ट क्षेत्रीले प्रहरीले मानवअधिकार हनन्का घटनामा शुन्य सहनशिलताको नीति लिएको बताए। मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि प्रहरीले विभिन्न स्थानमा सचेतनाको कार्यक्रम गर्दै आईरहेको भन्दै उनले राज्य नै मानव अधिकारको मुख्य संरक्षक भएको भन्दै मानव अधिकार र मौलिक हकमा समावेश भएका अधिकारहरू नागरिकलाई उपलब्ध गराउनु राज्यको मुख्य दायित्व भएको बताए ।

मानव अधिकार निगरानी समुहकी सदस्य बसुन्धरा घर्तीको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का जिल्ला सचिव राजेश्वर ढकाल, नेपाली काँग्रेसका जिल्ला कार्यसमितिकी सदस्य पवित्रा घिमिरे, एकिकृत समाजवादीका जिल्ला कमिटीका अध्यक्ष श्रीराम कार्की, नेपाल बार एसोसियसनका उपाध्यक्ष शिवराज काफ्ले, गैसस महासंघकी जिल्ला सचिव सरिता थापा भण्डारी, पत्रकार महासंघ तनहुँका अध्यक्ष उज्वल पौडेल, इसेक जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

स्वास्थ्य परीक्षण सम्बन्धी सूचना !

असार १६ शनिबार

१) पोखरा मेट्रोसिटी हस्पिटलका वरिष्ठ नाक, कान, घाटीरोग विशेषज्ञ **डा. निरज के.सी**द्वारा रूघाखोकी लाग्ने, टन्सिल हुने, कान पाक्ने, कानको जाली प्वाल पर्ने, कानमा फोहोर जम्ने आदीको उपचार गरिन्छ।

असार २३ गते शनिबार

१) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ मानसिक, नशा, तथा लागू औषधरोग विशेषज्ञ **डा. जय बहादुर खत्री**द्वारा टोलाएर बस्ने, एकान्त खोज्ने, मान्छेको भिडमा नबस्ने डराउने, झर्को मान्ने, रिसाइरहने, मन आत्तिने, मुटु ढुकढुक गर्ने, टाउको दुख्ने, श्वास फेर्न गाह्रो हुने, शरीर पोल्ने, हातखुट्टा झमझम गर्ने, बेहोस हुने, छारेरोगको लक्षण देखा पर्ने, एउटै कुरा दोहर्याइ रहने, पागलको जस्तो व्यावहार गर्ने, निन्द्रा नलाग्ने आदि समस्याहरूको स्वास्थ्य परिक्षण ।

२) पोखरा मणिपाल र फेवासिटी हस्पिटलका वरिष्ठ यौनरोग, छालारोग तथा कुष्ठरोग विशेषज्ञ **डा. विनम्र बस्नेत**द्वारा शरीर चिलाउने, लामो समय देखि दाद आएर सन्चो नभएको, अनुहारमा डण्डीफोर आउने, चाया-पोतो आउने, यौन सम्बन्धी लक्षणहरू देखा पर्ने, यौनङ्गबाट पिप बग्ने, यौन इच्छामा कमी आउने इत्यादि समस्याहरूको स्वास्थ्य परिक्षण।

हाम्रा उपलब्ध सेवाहरू :

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडियो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ

CMAT तयारी कक्षा सम्बन्धी सूचना !

मिति : २०८०/०३/१०

त्रि.वि. व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणाली अन्तर्गत स्नातक तहमा सञ्चालित BBA कार्यक्रममा शैक्षिक वर्ष २०८०/०८१ (सन् २०२३० का लागि नयाँ भर्ना हुन चाहने विद्यार्थीहरूले Central Management Admission Test (CMAT) परीक्षा अनिवार्य उत्तीर्ण हुनुपर्ने हुँदा सो प्रवेश परीक्षाको तयारी कक्षा निम्न अनुसार सञ्चालन हुने हुँदा सम्बन्धित विद्यार्थीहरूका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. कक्षा सञ्चालन मिति : २०८०/०३/२० देखि ।
२. कक्षा सञ्चालन समय : बिहान १०:०० देखि १:०० सम्म ।
३. तयारी कक्षा शुल्क : रू. २०००/-
४. कक्षा सञ्चालन अवधि : २ महिना ।

थप जानकारीका लागि

क्याम्पस प्रशासन : ०६५-५६००९६, ५६३९४६
क्याम्पस प्रमुख : ९८५६०७९८५८
बी.बी.ए. कार्यक्रम निर्देशक : ९८४६२४३४१०

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

# तनहुँको घिरिङमा बाँझो जमिन खरिद गरी व्यावसायिक अङ्गुर खेती

**रासस**/तनहुँ

तनहुँको घिरिङ गाउँपालिका-४ स्थित बाह्रबीसेमा सुरू गरिएको व्यावसायिक अङ्गुर खेतीले यतिबेला उत्पादन दिन सुरू गरेको छ । फार्ममा उत्पादन भएको अङ्गुर टिप्ने र बजार पठाउने काम धमाधम भइरहेको फार्म सञ्चालक कुमार कार्कीले सुनाउनुभयो । कार्कीका अनुसार फार्ममा पहिलो वर्ष करिब नौ हजार पाँच सय बिरूवा रोपिएको थियो । जसबाट वार्षिक १० हजार केजी अङ्गुर उत्पादन गर्ने कम्पनीको लक्ष्य छ ।

वाइन उत्पादन गर्ने उद्देश्यसहित स्वीट्जरल्याण्डबाट बिरूवा ल्याइ व्यावसायिक अङ्गुर खेती सुरू गरिएको 'भाइन यार्ड एण्ड रिसर्च सेन्टर'का सञ्चालक समेत रहनुभएका कार्कीले बताउनुभयो । "हामीले यहाँ पहिलो वर्ष लार्भाको समस्या भोगेका थियौं । यसवर्ष भने पूर्वतयारीका साथ खेती गरिरहेका छौँ, उत्पादन पनि राम्रो भइरहेको छ", कार्की भन्नुभयो।

कार्कीले धादिङको थाक्रे गाउँपालिका-१० जुङे खोला केवलपुरमा पनि विगत १५ वर्षयता एक सय ५० रोपनी क्षेत्रफलमा अङ्गुर खेती गर्दै आउनुभएको छ। वाइनका लागि थप अङ्गुर आवश्यक भएपछि तनहुँको बाह्रबीसेमा दुई वर्षयता ७० रोपनी बाँझो जमिनमा अङ्गुर खेती सुरू गरिएको उहाँको भनाइ छ ।

कार्कीका अनुसार हाल विभिन्न ३२ प्रजातिका अङ्गुर खेती गरिए पनि केही प्रजातिका अङ्गुरले मात्रै राम्रो उत्पादन दिइरहेका छन् । "स्वीट्जरल्याण्डबाट रू सातसयदेखि रू एक हजारसम्म खर्चेर ३२ प्रजातिका विरूवा ल्याएका थियौं, यद्यपि हाल आठदेखि दश प्रजातिका अङ्गुरले मात्रै राम्रो उत्पादन दिएका छन्", उहाँले भन्नुभयो ।



बिरूवा लगाएको पहिलो वर्षमा नै अङ्गुरले फल दिन सुरू गरेको उहाँको भनाइ छ । उहाँका अनुसार धादिङको फार्ममा रू ३८ करोड ५० लाख र तनहुँमा रू एक करोड ५० लाख गरी रू ४० करोड लगानी भइसकेको छ ।

"हामीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन क्षमता छ, यसले पनि अङ्गुर खेतीलाई प्रोत्साहन गरेको छ", उहाँले भन्नुभयो, "वाइनको माग राम्रो भएकाले अङ्गुर उत्पादन खपतको चिन्ता छैन ।" उहाँका अनुसार कम्पनीले ७५० एमएलको बोतल तीन प्रकारका वाइन उत्पादन भइरहेको छ। जसलाई बजारमा प्रतिबोतल रू एक हजार दुई सयमा बिक्री गरिरहेको कार्कीको भनाइ छ ।

कार्कीको फार्ममा हारियोमा सुजी, कायाबिनेट क्यान्टर, मनाज, सोबिनियन ग्रीस, तथा खानका लागि फन्नी, सोफिया, आरकडिया, पोलिस्की, दुचबा, चालिचमान लगायतका प्रकारको अङ्गुर उत्पादन भइरहेको छ ।

"विरूवा रोपेको एक वर्षमै फल दिन सुरू भइसकेको छ, पहिलो वर्ष प्रतिबोट तीनदेखि चार केजीसम्म अङ्गुर उत्पादन हुने अनुमान छ", फार्ममा कार्यरत प्राविधिक सान्नानी तामाङले भन्नुभयो, "अङ्गुरको बोटमा चैत/वैशाखमा फूल फुल्छ भने त्यसपछि तीनमहिनामा फल टिप्ने खालको हुन्छ ।" फागुनदेखि फूल खेल्ने र असारको पहिलो सातासम्म फल टिप्न सकिने तामाङको भनाइ छ ।

फार्ममा दैनिक ज्यालादारीमा मासिक १२ देखि १५ जनाले स्थानीयले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । विशेष गरी फार्ममा घाँस कटाई, बिरूवा गोडमेल, मल तथा अन्य व्यवस्थापकीय कामबाट स्थानीय रोजगारी पाएको र राम्रो आम्दानीको स्रोत समेत बनेको तामाङको भनाइ छ । नेपालमा अङ्गुर खेती सफल हुँदैन भन्ने भ्रमलाई चिर्न आफूहरु सफल भएको सञ्चालक कार्कीको भनाइ छ । प्राविधिकको अध्ययनपश्चात नै यहाँ अङ्गुर खेती सुरू गरिएको उहाँले जानकारी दिनुभयो ।

धादिङमा भएको फार्मका लागि बागमती प्रदेश बिग फार्म शीर्षक अन्तर्गत १२ वटा फार्ममा पर्न सफल भइ रू ५५ लाख अनुदान समेत प्राप्त भइसकेको कार्कीले सुनाउनुभयो ।

घिरिङको माटोमा अङ्गुर उत्पादन राम्रो हुने भएपछि यहाँका किसानलाई पनि खेतीतर्फ प्रोत्साहन गर्न पालिकासँग समन्वय भइरहेको कृषि शाखा अधिकृत रवि रामदामले बताउनुभयो । "यहाँको मौसम र माटोले अङ्गुर खेती उपयुक्त मानिएको छ", उहाँले भन्नुभयो ।

## facebook twitter



**जिशन मयल**
twitter.com/Jisanmayal

मान्छे त्यो चाहन्छ जुन आफुसँग हुदैन । हरेक दिन राम्रो भन्दा राम्रो पाउने आशामा मान्छेले आफैभित्रको त्यो मान्छेलाई भुलिसकेका छन् जुन उ आफु हो जो केही नहुँदा नि हिजो खुसि हुन सक्थ्यो । जीवन जिउनुको सार्थकतालाई बुझौ ।



**एकल यात्री**
twitter.com/Trvms111

कसैले आफ्नो चासो लिदैनन् दिदैनन् भने आफुले पनि किनअर्काको चियो चर्चो गर्दै हिड्ने भन्या । जस्ले आफुलाई स्पेस दिन्छ आफुले पनि सम्बन्धितलाई आबश्यक परेको समयमा सहयोग गर्नुपर्छ । नैतिकता बेचेर लम्पसार पर्दै पाउमा पर्नु पनि ठिक हुदैन बिल्कुल ।



**जीवन के.सी**
twitter.com/KcJivan1

नयाँ पुस्तासँग ऊर्जा हुन्छ, अनुभव हुँदैन । पुरानासँग अनुभव हुन्छ, ऊर्जा हुन्न । ऊर्जा र अनुभव एकै साथ हिड्न सके समाजमा परिवर्तन - दिगो, छिटो र अलि थोरै उथलपुथलका साथ आउँछ ।



**सञ्जय काफ्ले**
twitter.com/SanjayK52914137

जीवनभर हामी तितो टर्रो फिक्का चियासँग लड्छौ र अन्तिम चुस्कितिर मात्र चाल पाउँछौ, हत्तेरी, चिनी त कपको पिँधमा जस्ताको तस्तै पो रहेछ । हाम्रो जिवनलाई सबसे मीठो बनाउने सबै चिजबिज हामिसँगै छन मात्र हामिले आफ्नो कपमा चम्चा चलाउन भुलेका हौ, कप मस्तिष्कको प्रतीक हो ।

# व्यासले उठायो झण्डै १२ करोड आन्तरिक राजश्व

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले चालु वर्षको जेठ मसान्तसम्म ११ करोड ८५ लाख ७९ हजार ५३ रूपैया राजश्व संकलन गरेको छ। सबै भन्दा धेरै मादी नदि प्राकृतिक स्रोत साधनबाट राजश्व संकलन भएको छ । ढुंगा, गिटी तथा बालुवाबाट १ करोड ६२ लाख राजश्व संकलन गरेको छ भने सम्पत्ती कर बाट ८९ लाख १४ हजार ३ सय ६४, भूमिकर




तथा मालपोतबाट ५२ लाख ९८ हजार ५ सय २८,घरवहाल करबाट ८४ लाख ३५ हजार ५ सय ६८, घरभाडा वापत १ करोड ५४ लाख १७ हजार ९ सय५४ राजश्व संकलन गरेको छ ।

त्यस्तै घरनक्सा पास दस्तुरबाट ८५ लाख ४८ हजार ९ सय ३३, व्यवसायीक करबाट ३४ लाख १२ हजार ४ सय ४६ राजश्व संकलन भएका छ । गएको माघ देखि जेठ मसान्त सम्म ६ वटा निकासी केन्द्रको डिपोबाट १ करोड ६२ लाख ५७ हजार ४ सय ८० राजश्व संकलन गरेको राजश्व व्यवस्थापन शाखाका प्रमुख कृष्णराज घिमिरेले जानकारी दिए। उनका अनुसार चापाघाट, कुमालटारी, मादीवेशी, सत्रसय, सेरा बोटेटार र दुलेपानी गरि ६ वटा निकासी केन्द्रबाट उक्त राजश्व संकलन गरिएको हो ।

ठेक्का नलगाएपछि नगरपालिकाले गएको माघको दोस्रो साता देखि आफै राजश्व संकलन गरेको उनले बताए । उनले भने, "मादी नदीदेखि कलेस्तीसम्मको खण्डको ठेक्का लागेको थियो, तर ठेक्का लागेको कम्पनीले सम्झौता गर्न नआएपछि हामी आफैले कर्मचारी खटाएर राजश्व संकलन गरेका थियौं । कलेस्ती देखि शिशाघाट सम्मको खण्डको ठेक्का नै नलागेपछि त्यहाँबाट पनि हामीले कर्मचारी खटाएर राजश्व संकलन गरेयौं ।"

ठेक्का लागेको खण्ड क मा कम्पनी सम्झौता गर्न नआएपछि कम्पनीले धरौटी राखेको रकम ७ लाख ७६ हजार जफत गरिएको घिमिरेले बताए । नगरपालिकाले चापाघाट निकासी केन्द्रको डिपोबाट ८९ लाख ३३ हजार ९ सय, कूमालटारी निकासी केन्द्रबाट ५१ लख ७२ हजार ६५५, मादीवेशी निकासी केन्द्रबाट १ लाख २४ हजार ९५०, सत्रसय निकासी केन्द्रबाट ५ लाख ९९ हजार २५०, सेरा बोटेटार निकासी केन्द्रबाट ४ लाख १४ हजार ३७५ र दुलेपानी निकासी केन्द्रबाट १० लाख १३ हजार ३५० राजश्व संकलन भएको उनले जानकारी दिए ।

www.bhanjyangnews.com

# आदिकवि भानुभक्त क्याम्पसमा ह्याप्पिनेस कार्यक्रम

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको दमौली स्थित आदिकवि भानुभक्त क्याम्पसमा ह्याप्पिनेस कार्यक्रम गरिएको छ।




गत बुधवारदेखि क्याम्पसले आफ्ना विद्यार्थी र प्राध्यापक तथा कर्मचारीहरूलाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरी मंगलबार सम्पन्न गरिएको हो । कार्यक्रमको शुभारम्भ गर्दै व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले आ.व. २०८०/०८१ को व्यास नगरपालिकाको बजेटमा नगर भित्र योग, ध्यान तथा धार्मिक सभा भवन निर्माणका लागि बजेट प्रस्ताव गरेको बताए।

कार्यक्रममा पेशागत जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दा प्राध्यापक एवं कर्मचारीहरूले दवाव, झमेला र मानसिक तनावबाट ग्रसित हुनपर्ने भएकाले त्यसबाट मुक्त गराउनका लागि यस प्रकारका कार्यक्रमले सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

आर्ट अफ लिभिङ ईन्टरनेशनल सेन्टर, ब्याङ्लोर भारतसंग आबद्ध आर्ट अफ लिभिङ्गका मुख्य प्रशिक्षक स्वामी डा. पूर्णतेजजी र ह्याप्पीनेश कार्यक्रमका प्रशिक्षक एवं नेपाल सरकारका उपसचिव उर्मीला काफ्लेले सहभागिहरूलाई प्रशिक्षण दिएका थिए ।

६ दिनमा २० घण्टा सञ्चालन गरिएको ह्याप्पिनेस प्रोग्राममा पहिलो चरणमा वि.वि.ए. कार्यक्रममा अध्ययनरत ४६ जना विद्यार्थीहरूको सहभागिता रहेका थिए । दोश्रो चरणको कार्यक्रममा प्राध्यापक/कर्मचारीहरूको सहभागीता रहेका थिए ।

कार्यक्रममा योग, ध्यान, प्रणायम, सुदर्शन क्रिया, वैदिक ज्ञानका विषयमा अभ्यास तथा प्रशिक्षण दिइएको थियो । सो अवसरमा सहभागीहरूले ६ दिनको सिकाईबाट तनाव, चिन्ता र दु:खबाट राहात मिलेको, शरिरलाई स्वास्थ्य राख्न सहज भएको, सृजनात्मक तथा सकारात्मक सोचको विकास भएको, निर्णय क्षमता र आत्मविश्वासमा विकास भएको महसुस गरेको बताएका थिए ।

क्याम्पस र स्वतन्त्र विद्यार्थी युनियनको संयुक्त आयोजनामा गरिएको कार्यक्रममा सहभागिताका लागि प्रति विद्यार्थी १ हजार ५ सय रूपैयाँ स्वबियुले खर्च व्यवस्थान गरेको क्याम्पस प्रमुख महाप्रसाद हड्खले जानकारी गराए।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४